annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक ३१८ पृष्ठ १० | काठमाडौं, आइतबार १० चैत २०८१ | चैत्र कृष्णपक्ष न... ...त संवत् ११४५ | SUNDAY, ... 23, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

सरकारले बर्सेनि बजेटको आकार बढाउँदै आएको छ। विनियोजित बजेटभन्दा स्रोतको कमी भएकाले विगत १५ वर्षयतादेखि घाटाको बजेट प्रस्तुत हुँदै आएको छ। समग्र मुलुकको आम्दानीको दायरा फराकिलो हुन सकेको छैन। बर्सेनि राजस्वमार्फत हुने आय न्यूनतम १२ खर्ब रुपैयाँ हाराहारीमा मात्र हुने गरेको छ। परिणाम स्वरूप आगामी आर्थिक वर्षमा पनि सरकारले झन्डै ७ खर्ब रुपैयाँ हाराहारीमा घाटाको बजेट प्रस्तुत गर्ने तयारी गरिरहेको छ।




# डेढ दशकदेखि घाटाको बजेट

## आगामी आर्थिक वर्ष झन्डै ७ खर्ब घाटाको बजेट ल्याउने तयारी

सरकारको कुल आम्दानी र खर्चको स्थिति (रु. अर्बमा)

| आर्थिक वर्ष | कुल आय | कुल खर्च |
|---|---|---|
| २०६७/६८ | २४५.७ | २९५.४ |
| २०६८/६९ | २८८.० | ३३९.२ |
| २०६९/७० | ३३३.९ | ३५८.६ |
| २०७०/७१ | ३९६.९ | ४३५.१ |
| २०७१/७२ | ४५०.४ | ५३१.६ |
| २०७२/७३ | ५३१.४ | ६००.२ |
| २०७३/७४ | ६४७.५ | ८३७.२ |
| २०७४/७५ | ७७०.२ | १०८७.३ |
| २०७५/७६ | ८७२.३ | १११०.५ |
| २०७६/७७ | ८६२.३ | १०९१.३ |
| २०७७/७८ | १००६.३ | ११९६.७ |
| २०७८/७९ | ११४१.९ | १३१०.० |
| २०७९/८० | १०४५.५ | १४२१.३ |
| २०८०/८१ | ११११.२ | १४०८.८ |




स्रोत : अर्थ मन्त्रालय

ममता थापा | काठमाडौं
– को रिपोर्ट

समाचार पृष्ठ २

# चन्द्रपुरमा घाइते हात्ती ‘यमगज’को आतंक



**फणि महत** | *रौतहट*

महिनौंदेखि चन्द्रपुर नगरपालिकाको जंगल क्षेत्रमा बस्दै आएको घाइते हात्ती ‘यमगज’को आतंकका कारण स्थानीय कृषक ठूलो समस्यामा परेका छन्। विशेष गरी चन्द्रपुर-३ गैंडाटार पुरानोटोलका किसानहरू बालीनाली नष्ट भएपछि आर्थिक संकटमा परेका हुन्।

स्थानीय कृषकका अनुसार घाइते भए पनि हात्तीले रातको समयमा खेतबारीमा पसेर केरा, मकै, धान, काउली लगायतका बाली सखाप पार्ने गरेको छ। ‘रातभर जाग्राम बस्नुपर्छ। हात्तीले खाएर मात्रै होइन, कुल्चेरसमेत बाली नष्ट पार्छ। खेतीयोग्य जमिनमै डेरा जमाएपछि समस्या झन् बढेको छ, ’ स्थानीय कृषक सागर दाहालले गुनासो गरे।

सामान्यतया घाइते हात्ती जंगलमै बस्ने गरे पनि हाल आएर गाउँनजिकै नर्सरी क्षेत्रमा आश्रय लिएको छ। हात्तीले खेतीबाली नष्ट गर्नुका साथै स्थानीयवासीलाई समेत डरत्रास बढाएको छ। ‘एकातिर हात्ती घाइते भएर असहाय छ, अर्कोतिर हाम्रो खेतबारी सखाप पार्दैछ। किसानको जीवनयापनमै असर पर्ने गरी हात्तीले क्षति पुऱ्याए पनि समाधानका लागि कुनै निकायले ध्यान दिएको छैन, ‘स्थानीय कृषकहरूले गुनासो गरे।

यसअघि पनि किसानहरूले डिभिजन वन कार्यालय र स्थानीय प्रशासनलाई हात्तीको आतंकबारे जानकारी गराएका थिए। तर, उद्धार र उचित व्यवस्थापनको अभावले समस्या झन् बढ्दै गएको छ। ‘सरकारले हात्ती संरक्षण गर्छ तर किसानको क्षति कसले बेहोर्छ? खेती चौपट हुँदा राहत कसले दिन्छ?’ स्थानीय किसानहरूले प्रश्न उठाएका छन्।

यस विषयमा चन्द्रपुर-३ का वडाध्यक्ष बोधनाथ देवकोटाले घाइते हात्तीलाई तत्काल उद्धार गरेर अन्यत्र सार्नुपर्ने बताएका छन्।

# अन्तत: जनमत र नाउपा एकीकरण पक्का

**मदन चौधरी** | *काठमाडौं*

अन्तत: जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी (नाउपा)बीच एकीकरण हुने पक्का भएको छ। जनमतका अध्यक्ष सीके राउत र नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीले शनिबार दुई पार्टीलाई एकीकरण गरेर राष्ट्रिय शक्ति बनाउने उद्घोष गरेका हुन्।

पार्टी एकीकरणलाई मुख्य एजेन्डा बनाएर बोलाइएको नाउपाको केन्द्रीय कार्यसमिति बैठकमा राउतले विशेष सम्बोधन गरेका थिए। विगतामा नाउपासँग एकीकरण नगरेर ठूलो गल्ती भएको उनले स्वीकारे। चुनावकै बेला एकीकरण भएको भए हामीसँग अहिले २०-२१ सिट हुन्थ्यो। त्यतिबेला कसैले राष्ट्रिय पार्टी बन्छ कि बन्दैन भनेर हामीलाई भोट दिएका थिएनन्। उनीहरूले विश्वासको मत दिएका थिए। त्यही बेला एकता हुन सकेको भए ठूलो संख्यामा सिट पनि ल्याउँथ्यौं,’ अध्यक्ष राउतले भने।



**काठमाडौंको मध्य बानेश्वरस्थित सनराइज क्याफेमा नागरिक उन्मुक्ति पार्टीको केन्द्रीय कार्यसमितिको बैठकमा सहभागी जनमत पार्टीका अध्यक्ष सीके राउत। साथमा नागरिक उन्मुक्ति पार्टीका रेशम चौधरी र अध्यक्ष रञ्जिता श्रेष्ठ।** ● मदन चौधरी

त्यही गल्तीलाई सच्याउन आफूहरू तयार भएको उनको भनाइ छ। उनले मधेसी र थारू पार्टी एकीकरण हुँदै गर्दा कसैलाई पनि चित्त नदुखाउन आग्रह गरे। उनले थारुको पहिचानसमेत रहेको ढकियालाई गर्व गर्न लायक बनाउने उद्घोष गरे। ‘तपाईंहरूको सहमति बिना यो एकता सम्भव छैन। सबैको सहमति र सम्मानले मात्रै हामी अन्तरमनदेखि एक हुन सक्छौं। तपाईंहरूलाई म वाचा गर्छु, ढकियामै गर्व गर्न सक्ने पार्टी बनाउँछौं,’ उनले भने। ढकिया नाउपाको चुनाव चिह्न पनि हो। अध्यक्ष राउतले जनमत र नाउपालाई एकीकरण हुन नदिन षड्यन्त्र पनि भइरहेको बताए। तर, त्यसलाई वास्तै नगरी आफूहरू एकढिक्का हुन लागेको उनले बताए। बैठकपछि अन्नपूर्णसँग कुरा गर्दै अध्यक्ष राउतले नाउपा बैठकमा माहोल राम्रो देखिएको र पार्टी एकता निश्चित भएको दाबी गरे।

‘बैठकमा निकै राम्रो माहोल देखें। दुई पार्टीबीच एकता हुने सम्भवत: निश्चित भएको छ,’ उनले भने। उनले आफू र रेशम चौधरीमा कुनै स्वार्थ नहेकाले पार्टी संरचनामा पनि कुनै विवाद नआउने दाबी गरे। ‘म र रेशमजीमा कुनै स्वार्थ छैन। हामी दुवै जना पदबाट धेरै टाढा छौं। जनताबाट उठेका पार्टी भएकाले हामीबीच कुनै विवाद हुँदैन,’ उनले भने। नाउपाका संरक्षक चौधरीले हातमात्र होइन, मनबाट मिल्न जरुरी रहेको बताए। उनले अध्यक्ष राउतलाई विपक्षी सिटमा बस्न तयार हुन आग्रह पनि गरे। ‘न्याय पाएनौं भने डाक्टर साप संसद् भवनको विपक्षीको सिटमा पनि बस्नुपर्ने हुनसक्छ। मन्त्री पद छोडेर सडकमा पनि आउनुपर्ने हुनसक्छ,’ चौधरीले भने।

» बाँकी पृष्ठ ६

# इजरायली आक्रमणबाट गाजामा १३० को मृत्यु

**गाजा** (एजेन्सी) : गाजापट्टीमा विगत ४८ घण्टामा इजरायली आक्रमणमा कम्तीमा १३० प्यालेस्टिनीको मृत्यु भएको छ भने २ सय ६३ जना घाइते भएको गाजास्थित स्वास्थ्य अधिकारीहरूले शनिबार बताएका छन्।

सन् २०२३ को अक्टोबरमा सुरु भएको प्यालेस्टाइन-इजरायली द्वन्द्वमा मृत्यु हुनेको संख्या ४९ हजार ७४७ पुगेको छ भने घाइतेको संख्या एक लाख १३ हजार २१३ पुगेको छ।

विज्ञप्तिमा धेरै पीडितहरू भग्नावशेषमुनि फसेका र नागरिक रक्षा टोलीहरूको पहुँच बाहिर रहेको उल्लेख गरिएको छ। स्वास्थ्य अधिकारीहरूले गाजापट्टीका बासिन्दाहरूलाई एन्क्लेभमा रहेका अस्पतालहरूमा गएर रक्तदान गर्न आह्वान गरेका छन्।

जनवरी १९ मा सुरु भएको हमाससँगको युद्धविराम रद्द भएपछि इजरायलले मंगलबार गाजामा पुन: आक्रमण सुरु गरेको छ। त्यसपछि इजरायली सेनाले दक्षिणी, उत्तरी र मध्य गाजामा जमिन अपरेसन सुरु गरेको थियो।

# शौचालय जान अब पढाइ छोड्नु पर्दैन

**शम्भु यादव** | *सिरहा*

कक्षा १० मा अध्ययनरत रामरिका कुशवाहालाई महिनावारी भएको बेला सधैं पढाइ छुट्ने तनाव हुन्थ्यो। उनी पढ्ने विद्यालयमा न सुविधासम्पन्न शौचालय थियो, न त प्याड फेर्ने र बिसर्जन गर्ने ठाउँ नै। स्कुलसँग टाँसिएको उखुबारी र खेतमा शौच गर्न र प्याड फेर्न जानुपर्थ्यो। कहिलेकाहीँ जग्गावालाले थाहा पाउँदा हप्कीदप्की गर्थे।

रामरीका मात्रै होइन, कक्षा ९ मा पढ्ने परिना चौहान, कक्षा ८ मा पढ्ने एलिसा न्यौपानेसहित लहान नगरपालिका-२४ लेखनाथ माविका छात्राले पनि यस्तै समस्या भोग्थे। महिनावारी भएको बेला पढाइ नै छाडेर घर जानुपर्थ्यो। शौच गर्न पनि घरै पुग्नुपर्ने बाध्यता थियो। अब त्यो हटेको छ।

‘पीडा भोग्नेलाई बढी महसुस हुन्छ। हामीहरूलाई विद्यालय बाहिर जानुपर्दा धेरै अप्ठ्यारो लाग्थ्यो। खेतवालाको कहिलेकाहीँ गाली सुन्नुपर्थ्यो,’ कुशवाहाले भनिन्, ‘अहिले विद्यालयमै व्यवस्था हुँदा ठूलो राहत भएको छ। प्याड पनि विद्यालयमै छ। फेर्ने ठाउँ पनि छ। विसर्जन गर्ने ठाउँ छ। बिरामी पर्दा आराम गर्ने कोठा पनि व्यवस्थापन भएको छ।’ विद्यालयमा छात्राका लागि १३ वटा र छात्रका लागि अपांगमैत्रीसहित १५ वटा शौचालय बनाइएका छन्। लहान नगरपालिका, नेपाल खानेपानी संस्थान, एलिएन वाटरको आर्थिक सहयोगमा वाटर एड नेपालको साझेदारीमा दलित जनकल्याण युवा क्लबमार्फत द विकन परियोजनाले शौचालय बनाउन सहयोग गरेका छन्। ‘विद्यालयमा शौचालय नहुँदा छात्रालाई मात्रै होइन हामीहरूलाई पनि समस्या हुन्थ्यो’, कक्षा १० मा अध्ययनरत सञ्जित महतोले भने, ‘शौच गर्न बाहिर जानुपर्ने बाध्यता थियो। पानीका लागि विद्यालयमा एउटा इनार थियो। भाडोमा पानी बोकेर जानुपर्थ्यो। सुक्खा याममा इनार सुक्दा शौचको बेला पढाइ छोडेर घर नै जानुपर्थ्यो।’ विद्यालयमै शौचालय र खानेपानीको भरपुर व्यवस्था भएपछि पढाइ छुट्ने बाध्यता हटेको उनले बताए।




उक्त विद्यालयमा ४ सय छात्र र ३ सय ३९ छात्रा गरी ७ सय ३९ सय अध्ययन गरिरहेका छन्। शौचालय र खानेपानी व्यवस्था भएपछि विद्यालयको मुहार नै फेरिएको विद्यालयका सूचना अधिकारी तथा शिक्षक जयराम साफीले सुनाए। विद्यार्थी पढाइमा नियमित हुन थालेपछि शैक्षिक गुणस्तरमा वृद्धि भएको उनको भनाइ छ। ‘पहिले एउटा स्टाफ शौचालय थियो। त्यसमा पानी हुँदैनथियो। इनारमा बोकेर गएर शौच गर्नपर्थ्यो। शिक्षक र विद्यार्थी लाइन लागेर उभिनुपर्ने अवस्था थियो’, उनले भने, ‘अहिले समस्या भोग्नु परेको छैन। सुविधा भएपछि दु:खको दिन हटेको छ।’

लहान नगरपालिकाभरिमा ५९ वटा सामुदायिक विद्यालयहरू छन्। जसमध्ये कक्षा ५ देखिमाथि पढाइ हुने २४ वटा विद्यालयमा शौचालयको निर्माण, मर्मतसम्भार यस परियोजनाबाट भएको छ। पाँचवटा विद्यालयमा शौचालय निर्माणाधीन अवस्थामा रहेको दलित जनकल्याण युवा क्लबका कार्यकारी निर्देशक विनोद विसुन्केले जानकारी गराए।

**विद्यालयसँगै समुदायमा पनि खानेपानी पहुँच**

विद्यालयमा मात्रै होइन, यहाँका दलित बस्तीमा पनि खानेपानीको समस्या थियो। वडा, नगरपालिका र परियोजनाले सहयोग गरेर दलितसँगै अन्य समुदाय गरी २ सय १२ जनाको घरमा खानेपानी धारा जडान गराएका छन्।

धारा जडानमा लाग्ने खर्चमा नगरपालिकाले ३ हजार ७ सय २०, क्लबले ३ हजार २ सय २० र उपभोक्ताले ३ हजार १ सय ७० तिर्ने गरेको छ। नगरभरिमा ८० वटा दलित बस्ती छन्। परियोजनाबाट हालसम्म १ हजार २ सय ६१ दलित समुदायले धारा जडान गराएका छन्।

यस नगरपालिकाका २६ प्रतिशत समुदायको घरमा खानेपानीको पहुँच पुगेको छ। हालसम्म २० हजार ५ सय ७७ घरधुरीमध्ये ५४ सय जनाको घरमा धारा जडान भएको हो। ६८ वर्षको उमेर पुग्दा बल्ल आफ्नै घरमा खानेपानीको सुविधा उपभोग गर्न पाएको रौदिया सदायले सुनाए।

‘पहिले यहाँ सार्वजनिक र कुनै-कुनै धनी मान्छेहरूको इनार मात्रै थियो। पानी लिन जाँदा विभेदसम्म भोग्नुपर्ने बाध्यता थियो,’ सदायले भने, ‘अब त्यो हटेको छ। घरमै खानेपानीको सुविधा उपभोग गर्न पाएका छौं।’ यहाँ खानेपानी आयोजना बनेर सञ्चालन हुन सकेको थिएन। खानेपानी संस्थानलाई हस्तान्तरण गरेपछि परियोजनाको सहयोगमा सञ्चालनमा आएका छन्।